# नदीजन्य पदार्थ तथा क्रसर उद्योग व्यवस्थापन सम्बन्धी कार्यविधि

२०८०

जिल्ला समन्वय समिति

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)

**प्रस्तावनाः**

जिल्लाको स्विकृत आइ.ई.ई. प्रतिवेदनको आधारमा प्रयोग हुने नदीजन्य पदार्थको उत्खनन, संकलन, विक्री वितरण, निकासी, प्रशोधन, ढुवानी सम्बन्धी कार्यलाई ब्यवस्थित गर्न तथा वातावरणीय असरलाई न्यूनीकरण गरी जिल्ला भित्र अनुगमन तथा समन्वय कायम गर्न संघीय सरकारबाट जारी गरिएको ढुंगा, गिट्टी वालुवा विक्रि तथा ब्यवस्थापन सम्बन्धी मापदण्ड ,२०७७ स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ को उपदफा ४ तथा स्थानीय तहको सभा संचालन (कार्यविधि) ऐन, २०७५ को दफा ३७ (४) ले दिएको अधिकार प्रयोग गरी जिल्ला समन्वय समिति नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को मिति २०८०/०८/२१ गते बसेको जिल्ला सभाको वैठकबाट नदीजन्य पदार्थ तथा क्रसर व्यबस्थापन सम्बन्धी कार्यविधि, २०८० स्विकृत गरी जारी गरिएको छ ।

## परिच्छेद-१

**उद्देश्यः-** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क. वातावरणीय परीक्षण IEE को सर्तहरु कार्यान्वियन गर्ने गराउने ।

ख. नदीजन्य पदार्थको दोहन तथा अवैध रुपमा संचालित उद्योगको नियन्त्रण र निराकरणका उपायको खोजी गर्ने ।

ग. नदीजन्य पदार्थको उपयोगमा सहजीकरण गर्ने ।

घ. संघीय मापदण्ड तथा प्रदेशका कार्यविधि बमोजिम उत्खनन, संकलन, भण्डारण, ढुवानी र बिक्री बितरणमा सहजता ल्याउने ।

ङ. नदीजन्य पदार्थका सम्बन्धमा भएका सन्धी सम्झौता र सम्बन्धित कानूनको पालना गर्ने गराउने ।

च. नदीको बहावका कारण थुप्रिएका नदीजन्य पदार्थ मानववस्ती र कृषियोग्य जमिनमा हुन सक्ने क्षतिलाई न्यूनीकरण गरी नदीजन्य पदार्थलाइ विक्रि वितरण गरी राजस्वमा बृद्धि गर्ने गराउने ।

**१. (क) नाम र प्रारम्भः-** यो कार्यविधिको नाम **नदिजन्य पदार्थ तथा क्रसर उद्योग ब्यवस्थापन सम्बन्धी कार्यविधी, २०८०** रहनेछ ।

(ख) यो कार्यविधि नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को जिल्ला सभाबाट पारित भई सोही दिनदेखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा :-

क. **जि.स.स.** भन्नाले जिल्ला समन्वय समिति नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) लाई सम्झनु पर्दछ ।

ख. **नदीजन्य पदार्थ** भन्नाले ढुङ्गा, गिटी, वालुवा, माटो, माटोजन्य पदार्थ, चट्टान, दहत्तर, वहत्तरलाइ जनाउनेछ र सो शब्दले नदी, खोला, खोल्सी क्षेत्र, वन क्षेत्र वा यस्तै किसिमको अन्य सार्वजनिक जगाबाट उत्खनन, संकलन गरिने ऐतिहासिक र सांस्कृतिक महत्व बाहेकका नदी वा खोलाले बगाई ल्याएको, थिग्रिएको वा जम्मा भएको नदी तथा खनिजजन्य पदार्थलाई सम्झनु पर्दछ ।

ग. **खानीजन्य पदार्थ** भन्नाले खानीवाट उत्खनन गरिएको चट्टान, स्लेट, ढुङ्गा गिट्टी लगायतको खानीजन्य पदार्थलाई सम्झनु पर्दछ ।

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय अधिकारी

घ. **प्रारम्भिक वातावरणीय परीक्षण** भन्नाले, वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको पारम्भिक वातावरणीय परीक्षण सम्झनु पर्दछ ।

ङ. **वातावरणीय प्रभाव मुल्यांकन** भन्नाले "वातावरण संरक्षण ऐन, २०७६ बमोजिमको वातावरणीय प्रभाव मुल्यांकन भन्ने सम्झनु पर्दछ ।

च. **उद्योग** भन्नाले " ढुङ्गा, गिटी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर जस्ता पदार्थहरु कानुन बमोजिम संकलन गरी टुक्राउने, फुटाउने, पेल्ने वा प्रशोधन गर्ने मेसिन औजार जडित उद्योगलाई सम्झनु पर्दछ । सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाईनरी गर्ने उद्योग समेतलाई जनाउनेछ ।

छ. **भण्डारण** भन्नाले ढुङ्गा, गिटी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तरको संकलन, उत्खनन वा प्रशोधन गरी नाप नक्सांकन गर्न तोकिएको स्थानमा राखिएको वा अस्थायी भण्डारण गर्न तोकिएको स्थानलाई सम्झनु पर्दछ ।

ज. **व्यबस्थापन** भन्नाले नदीजन्य पदार्थको उत्खनन, संकलन, भण्डारण, बिक्री बितरण, निकासी, ढुवानी तथा क्रसर उद्योगको संचालन, नियमन, अनुगमन तथा समन्वय सम्बन्धी कार्यलाइ सम्झनु पर्दछ ।

झ. **राजस्व** भन्नाले "ढुङ्गा, गिटी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर संकलन, उत्खनन वा संकलन गरी सरकारलाई बुझाउनु पर्ने राजस्व समेतलाई सम्झनु पर्दछ ।

ञ. **स्थानीय तह** भन्नाले संविधानको धारा ३०६ बमोजिमको स्थानिय सरकारलाई सम्झनु पर्दछ ।

ट. **प्रमुख** भन्नाले "जिल्ला समन्वय समितिको प्रमुखलाई सम्झनु पर्दछ ।

ठ. **उपप्रमुख** भन्नाले " जिल्ला समन्वय सिमितिको उपप्रमुखलाई सम्झनु पर्दछ ।

ड. **समन्वय अधिकारी** भन्नाले जिल्ला समन्वय समितिको जिल्ला समन्वय अधिकारीलाइ सम्झनु पर्दछ ।

ठ. **सदस्य** भन्नाले " जिल्ला सम्न्वय समितिको सदस्यलाई सम्झनु पर्दछ ।

ड. **अनुगमन समिति** भन्नाले " जिल्ला वा स्थानीय तहको अनुगमन समितिलाई सम्झनु पर्दछ ।

ढ. **मापदण्ड** भन्नाले " यसै कार्यविधिमा उल्लेखित कानुनी व्यवस्था बमोजिमको मापदण्ड सम्झिनु पर्दछ ।

## परिच्छेद-२

३. **अनुमति लिनुपर्नेः** (१) क्रसर उद्योग कानुन वमोजिम सम्वन्धित निकायमा दर्ता गरी प्रमाणपत्र प्राप्त गरी संचालन गर्न चाहने व्यक्ति वा संस्थाले यसै कार्यविधिमा उल्लेखित व्यवस्था बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहमा अनुमतिको लागी दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा १ बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई सम्बन्धित स्थानीय तहले जाँची, हेरी, बुझी सम्वन्धित वडाको सिफारिस समेतको आधारमा कार्यविधि बमोजिमको ढाँचामा क्रसर उद्योग संचालनको लागि अनुमति पत्र दिन सक्नेछ ।

(३) उपदफा १ बमोजिमको दरखास्त दिदा प्रचलित कानुनमा तोकिएको मापदण्ड, सर्त, बन्देजका अतिरिक्त देहायका मापदण्ड र सर्तहरु पुरा गरेको हुनु पर्नेछ ।

जिल्ला समन्वय अधिकारी

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

(क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानुन बमोजिम उद्योगको वातावरणीय प्रभाव, मूल्यांकन वा प्रारम्भिक वातावरणीय परीक्षण स्विकृत भएको प्रमाण संलग्न हुनुपर्ने ।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई कच्चा पदार्थ उपलब्ध गराउन स्विकृति लिएको प्रमाण पत्र संलग्न हुनु पर्ने

(ग) क्रसर उद्योग स्थापना गर्ने स्थलको भौगोलिक उपस्थिति GPS POINT निर्दिष्ट गरेको हुनु पर्ने ।

४.उद्योग संचालन हुने स्थानका बारेमा सम्बन्धित वडा वा सम्बन्धित स्थानीय तहको सहमती लिएको हुनुपर्ने ।

५.यस कार्यविधि बमोजिम ढुङ्गा, गिटी, बालुवा, माटो, चट्टान, ग्रेगान, दहत्तर, बहत्तर आदि उत्खनन, संकलन र भण्डारण गर्दा स्थानीय तहले आफ्नो भू उपयोग नीति अनुसार यस प्रयोजनका लागि छुट्याएको जगगामा मात्र उत्खनन गर्ने अनुमती दिने सक्नेछ ।

४. **कार्ययोजना बनाउने**: (१) प्रत्येक स्थानीय तहले देहायका कुराहरु समावेस गरी ढुङ्गा, गिटी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तर उत्खनन र संकलन सम्बन्धी वार्षिक रुपमा कार्य योजना बनाउनु पर्नेछ ।

(क) उत्खनन र संकलन गरिने र नगरिने क्षेत्र ।

(ख) पूर्वाधार निर्माणको लागि चाहिने परिणाम र श्रोतको उपलब्धता ।

(ग) भण्डारण अथवा घाट गद्दी स्थान

(घ) संकलन गरिने प्रकृया विधि र प्रयोग गरिने मेसिन औजार ।

(२) उपदफा १ बमोजिमको कार्य योजना स्थानीय तहको सभाबाट पारित गरेको हुनुपर्नेछ ।

(३) स्थानिय पालिकाले नदीजन्य पदार्थको उत्खनन, संकलन, मापदण्ड, क्रसर उद्योग संचालन, बिक्री वितरण, ढुवानी जस्ता कार्यको व्यवस्थित रुपमा हेर्न, रेकर्ड राख्न हरेक पालिकामा शाखा वा सम्पर्क व्यक्ति तोकि कार्य गर्नुपर्दछ ।

(५) **वातावरणीय प्रभाव मुल्यांकन**: (१) ढुङ्गा, गिटी, बालुवा, माटो, चट्टान, दहत्तर, बहत्तरको उत्खनन र संकलन गर्ने स्थानीय तहले त्यसरी उत्खनन गर्नु अघि प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्यांकन गराउनु पर्नेछ ।

(२) ढुङ्गा, गिटी, वालुवा, माटो, माटोजन्य पदार्थ, चट्टान, दहत्तर, वहत्तर उत्खनन, संकलन, प्रशोधन र बिक्री वितरण गर्ने क्रसर उद्योग संचालन गर्नु पूर्व प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय मुल्यांकन गराउनु पर्नेछ ।

(३) सम्बन्धित स्थानीय तह र ढुङ्गा, गिटी, वालुवा, माटो, माटोजन्य पदार्थ, चट्टान, दहत्तर वहत्तर उत्खनन, संकलन, प्रशोधन र बिक्री वितरण गर्ने क्रसर उद्योगले उत्खनन, संकलन, प्रशोधन गर्दा वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदनमा औल्याइएका सुधारात्मक र प्रभाव न्युनीकरण गर्ने उपायको अबलम्वन गर्नु पर्नेछ ।

(४) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्यांकन स्विकृत नगराई संचालन भएका क्रसर उद्योगलाई जिल्ला अनुगमन समितिले रोक लगाई पुनः वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव सम्बन्धमा जाँच बुझ गरी संचालन अनुमती दिन सक्नेछ ।

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय अधिकारी

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद-३

**(६) नदिजन्य पदार्थ ढुङ्गा, गिटी, वालुवा, माटो, चट्टान, दहत्तर वहत्तर उत्खनन, संकलन र बिक्री सम्बन्धी व्यवस्थाः**

(१) नदीजन्य पदार्थको उत्खनन, संकलन सम्बन्धी कार्य योजना तयार पारी गाउँ वा नगरपालिकाबाट स्विकृत गर्ने र सो स्विकृत कार्य योजनाको १ प्रति पालिकाले जि.स.स. एवं जिल्ला अनुगमन समितिमा पठाउने ।

(२) प्रचलित कानुन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी अधिकार प्राप्त निकायबाट स्विकृत गर्ने गराउने ।

(३) प्रत्येक वर्ष ठेक्का बन्दोवस्त गर्नु पूर्व स्विकृत वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित परिमाणलाई स्थलगत प्राविधिक अध्ययनको आधारमा अधावधिक गरी पुनः एकीन गर्ने ।

(४) लुम्बिनी प्रदेश सरकारको स्वीकृत दररेटमा उत्खनन, संकलनको अनुमती र बिक्रिको लागी ठेक्का बन्दोवस्त मिलाउने र सो को जानकारी आवश्यकता अनुसार जि.स.स. लाई दिने ।

(५) नदीजन्य पदार्थको उत्खनन बिक्रि कार्यको लागी ठेक्का बन्दोबस्त गर्नु पूर्व यसै कार्यविधि बमोजिमको चेक लिस्ट तयार गरी प्राविधिकबाट स्थलगत अनुगमन गराएर मात्र ठेक्का बन्दोबस्त गर्नु पर्ने ।

(६) नदीजन्य पदार्थ उत्खनन गर्दा सामान्यतया श्रममुलक प्रविधिको प्रयोग गर्नु पर्नेछ । तर मेसिनरी औजार प्रयोग गर्नुपर्ने अवस्था भएमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित सर्त, सिमा भित्र रही गर्नु पर्नेछ तर विपद जोखिम संवेदनशिल क्षेत्रमा मेसिन प्रयोग गर्नु पर्ने भएमा जिल्ला विपद व्यवस्थापन समितिको अनुमति लिनु पर्नेछ ।

(७) ठेक्का बन्दोवस्तीको प्रकृया पुरा गरी ठेक्का प्राप्त गर्ने व्यक्तिसँग सम्झौता गरी नदीजन्य पदार्थको उत्खनन् संकलन तथा बिक्रि बितरण गर्नु पर्नेछ ।

(८) गाउँपालिका वा नगरपालिकाले निर्धारण गरेको मार्गबाट मात्र उत्खनन, संकलन तथा बिक्री स्थानमा जाने आउने गर्नु पर्ने छ ।

(९) तोकिएको मार्गमा उत्खनन तथा संकलनका लागि सवारी साधन प्रवेश गर्दा पालिकाबाट अनुमति लिई प्रवेश गर्नु पर्ने छ र सोको अनिवार्य अभिलेख राख्नु पर्नेछ ।

(१०) उत्खनन, संकलन, भण्डारण गर्दा वातावरणीय अध्ययन प्रतिवेदन, ठेक्काको शर्त सम्झौता तथा जिल्ला अनुगमन समितिको निर्देशन पालना गर्नुपर्नेछ । सो सम्वन्धमा जिल्ला समन्वय समितिले नियमित अनुगमन गर्न सक्नेछ ।

(११) उत्खनन र संकलन, घाटगद्धि गरी सकेपछि पूर्ववत अवस्थामा जमिन सम्माई राख्नु पर्नेछ ।

(१२) घनावस्ती, संभावित प्राकृतिक विपत्ती हुने क्षेत्र, वन क्षेत्र लगायतका स्थानमा उत्खनन गर्न पाईने छैन ।

(१३) ठेक्का बन्दोवस्त गरी वार्षिक परिमाणको आधारमा ठेक्का बन्दोवस्त गरेर मात्रै उत्खनन, संकलन, बिक्री बितरण गर्नुपर्नेछ । ठेक्का संझौतामा उल्लेखित परिमाण अनुसार उत्खनन् संकलन भए पश्चात पालिकाले ठेक्का संझौता सकिएको भनी संवन्धित ब्यक्ति वा संस्थालाई सूचना दिई जिल्ला समन्वय समिति मार्फत जिल्ला अनुगमन समितिलाई समेत जानकारी गराउनुपर्ने छ ।

जिल्ला समन्वय अधिकारी

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

(१४) ठेक्का बन्दोवस्त भएको स्थानमा विपदका दृष्टिले थप जोखिम हुन सक्ने भएमा पालिकाको सिफारिसमा जिल्ला समन्वय समितिले निश्चित अवधिका लागी उत्खनन र संकलनमा रोक लगाउन सक्नेछ ।

(१५) उत्खनन र संकलन गर्दा खोला, नदीको वहाव परिवर्तन नहुने तथा सिंचाई प्रणालीमा असर नपर्ने गरी गर्नुपर्नेछ ।

(१६) नदि, खोलाको वहावको कारण नदिजन्य पदार्थ मानव वसोवास वस्ती भएको स्थानको सतह भन्दा माथी उठ्न गइ जोखिममा पर्न सक्ने सम्भावना देखिएको अवस्थामा सो हटाई मानववस्ती, भौतिक संरचना, खेतियोग्य जमिनको सुरक्षा गर्नु पर्ने अवस्थामा मानववस्ती सुरक्षाको लागि सो नदीजन्य पदार्थ उत्खनन गरी जि.स.स. र सम्बन्धित पालिकाले जिल्ला समन्वय समितिमा कानुन वमोजिमको प्रकृया पुरा गरी ठेक्का सम्झौता मार्फत कार्य गर्ने व्यवस्था मिलाउनेछ ।

(१७) उपदफा १६ बमोजिम तथा अन्य प्रकृयाबाट नदीजन्य पदार्थ विक्रि वितरण भै प्राप्त राजस्व आम्दानी ढुङ्गा, गिटी, वालुवा, उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ९ को उपदफा १४ मा व्यवस्था भए बमोजिम जिल्ला अनुगमन समितिलाई अनुगमन कार्य व्यवस्थित गर्न आवश्यक पर्ने प्रशासनिक खर्च सम्बन्धित पालिकाले उपलब्ध गराउनु पर्ने व्यवस्था भए अनुरुप सम्बन्धित पालिकाले आम्दानीको २ प्रतिशतले हुन आउने रकम जि.स.स. मार्फत जिल्ला अनुगमन समितिलाई उपलब्ध गराउनु पर्नेछ । सो रकम जिल्ला समन्वय समितिको कोषमा रहनेछ ।

७. **वन तथा चुरे क्षेत्र सम्बन्धी व्यवस्थाः**

(१) सामान्यतया वन तथा चुरे क्षेत्रवाट नदीजन्य पदार्थ उत्खनन, संकलन र विक्री वितरण गर्न पाईने छैन ।

(२) वन तथा चुरे क्षेत्रवाट गर्नु पर्ने भएमा सम्बन्धित निकायवाट सहमती लिई पालिकाले ठेक्का वन्दोवस्त गरी संकलन, उत्खनन र विक्री गर्न सक्ने छ ।

(३) तर वन तथा चुरे क्षेत्रका खोला, नदीमा बाढीको कारण थुप्रीन गएको ढुङ्गा, गिटी, वालुवा आदि नहटाए थप जोखिम हुने देखिएमा प्राविधिक टोली, वातावरणीय अध्ययन प्रतिवेदन र जिल्ला समन्वय समितिको सिफारिसमा संघीय मापदण्डमा भएको ब्यवस्था वमोजिम विपत व्यवस्थापन समितिको निर्णायानुसार हटाउन वाधा पर्ने छैन ।

## परिच्छेद -४

**८. उत्खनन तथा संकलको परिमाण र नियन्त्रण सम्बन्धी व्यवस्थाः**

१.सम्बन्धित पालिकाले स्विकृत परिमाण भन्दा बढी उत्खनन र संकलन हुन नदिन प्राविधिकवाट नापजाँच गरीएको आधारमा क्षेत्र निर्धारण गरी लाईन लेवल दिनुपर्नेछ र पालिकाले उक्त क्षेत्रको नियमित रुपमा अनुगमन गर्नु पर्नेछ ।

२. अनुगमनको क्रममा ठेक्का सम्झौतामा उल्लेखित सर्तहरुको उलंघन गरी परिमाण भन्दा वढी उत्खनन, संकलन, विक्री र ढुवानी गरेको पाईएमा तत्कालै जि.स.स. तथा अनुगमन समितिले थप उत्खनन, संकलन सम्बन्धी कार्य तुरुन्तै बन्द गर्न निर्देशन दिनु दिनेछ ।

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय अधिकारी

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

३.बन्द गर्ने निर्देशन पाएमा ठेक्का अवधी बाँकी भए पनि उत्खनन र संकलन तत्काले बन्द गर्नु पर्नेछ ।

४. पालिकाले लगाएको ठेक्का अन्तर्गत तोकिएको संकलन केन्द्र स्थल भन्दा बाहिर आर्थिक वर्षको अन्त्यमा खोला, नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी सो को जानकारी जि.स.स. लाई दिई कानूनी प्रकृया पुरा गरी उक्त पदार्थ लिलाम विक्री गर्ने व्यवस्था पालिका स्वयंले मिलाउनु पर्नेछ ।

५.उत्खनन, संकलन तथा ढुवानीकर्ताले उत्खनन, संकलन तथा ढुवानी गरेको पारिमाणको दैनिक् अभिलेख पालिकाले राख्नु पर्नेछ ।

## ९. नदिजन्य पदार्थ ओसार पसार सम्बन्धी व्यवस्थाः

१. वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित क्षमता भन्दा बढी भएको ढुवानीका साधनलाई पालिकाले ढुवानी तथा ओसार पसारमा प्रवेश गर्न रोक लगाउनेछ ।

२. ढुवानीका साधन पालिकाले तोकेको मार्गवाट धुवा, धुलो नउड्ने, वातावरण प्रदुषण नहुने गरी नदीजन्य पदार्थलाई ढाकी, छोपी, पानी नचुहाई, ढुवानी गर्न र तोकिएको गति भन्दा बाहिर नगइ सवारी साधन चलाउन र ट्राफिकले निर्धारण गरेको समय सीमा नाघी हर्न निषेध गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

३. ढुवानीको साधन प्रयोगकर्ता वा उत्खनन, संकलनकर्ताले बाटोमा धुलो नउडने गरी पानी छर्कि ढुवानी गर्नुपर्नेछ ।

४. मार्ग प्रयोग गरे वापतमा लाग्ने आवश्यक शुल्क ढुवानीकर्ताले पालिका वा पालिकाले तोकेको व्यक्ति वा संस्थालाई बुझाई मार्ग प्रयोग गर्नुपर्नेछ ।

## १०. अनुगमन सम्बन्धी व्यवस्थाः

१. अनुगमन गर्नका लागि ढुंगा, गिट्टी वालुवा उत्खनन् विक्रि तथा ब्यवस्थापन सम्वन्धी मापदण्ड २०७७ को दफा ९ तथा ढुंगा, गिट्टी वालुवा उत्खनन् संकलन, क्रसिङ्ग र बिक्रि बितरण तथा क्रसर उद्योग स्थापना र संचालन लाइ ब्यबस्थित गर्ने कार्यबिधि २०७५ को दफा १२(५) अनुसारको जिल्ला अनुगमन समिति हुनेछ ।

२. अनुगमन समितिले नदीजन्य पदार्थ उत्खनन, संकलन भण्डारण, विक्री वितरण र ढुवानीका साधन र मार्ग प्रयोग सम्बन्धमा अनुगमन गरी उत्खननकर्ता वा संकलन कर्तालाई आवश्यक निर्देशन दिने र देहायका निर्देशन पालना नगरेमा सम्बन्धित पालिकालाई कारवाहीको लागी लेखी पठाउन सक्नेछ ।

- वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लेखित शर्तका पालनाको सम्बन्धमा ।
- उत्खनन, संकलन, ढुवानी सम्बन्धी विधि प्रकृया र परिमाणको सम्बन्धमा ।
- राजस्व चुहावट तथा चोरी निकासी सम्बन्धमा ।
- ठेक्का सम्झौताको पालना गरेनागरेको सम्बन्धमा ।
- नदीजन्य पदार्थको बजार मुल्य सम्बन्धमा ।
- क्रसर उद्योगले मापदण्ड पालना सम्बन्धमा ।

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय अधिकारी

- समितिले आवश्यक देखेको जुनसुकै विषयमा ।

३. अनुगमन समितिले दिएको निर्देशन पालना नगरेमा उत्खनन, संकलन र ढुवानीमा रोक लगाउन सक्नेछ ।

४.जिल्ला समन्वय समिति वा अनुगमन समितिले माग गरेको सुचना, तथ्याङ्क, विवरण तथा प्राविधिक सहयोग पालिकाले उपलब्ध गराउनु पर्नेछ ।

५. ठेक्का सम्झौताको शर्त उलघन गरेमा वा राजस्व छली गरेमा उत्खननकर्ता, संकलनकर्ता, ढुवानीकर्तालाई त्यस्तो कार्य तत्काल रोक्न लगाई सचेत गराउने र माल वस्तु जफत समेत गर्न सक्नेछ ।

६. जफत भएको मालवस्तु सम्बन्धित पालिकाले कानूनी प्रकृया पुरा गरी जि.स.स. मार्फत जिल्ला अनुगमन समितिलाइ सुचना दिनुपर्नेछ ।

**१०. नदीजन्य पदार्थको बजार मुल्य निर्धारण सम्बन्धी व्यवस्थाः**

१.सामान्यतया प्रदेश सरकारले तोकेको विक्री दर रेटमा कुनै परिवर्तन नगरी विक्री मुल्य कायम गरिनेछ तर उक्त दर रेटमा विक्री नभएको अवस्थामा जिल्लाको भौगोलिक वातावरणीय अवस्था तथा पदार्थको गुणस्तर हेरी नदीजन्य पदार्थको विक्री वितरण हुन नसकेको अवस्थामा विक्री मुल्य थपघट नगरी नहुने परिस्थिति सिर्जना भएमा सम्बन्धित पालिका, जि.स.स. र जिल्ला अनुगमन समितिको निर्णय सहित लुम्बिनी प्रदेश सरकारको अनुमति लिई पालिकासँग समन्वय गरी विक्री वितरण गर्न सकिनेछ ।

(२) उपदफा १ बमोजिम जिल्ला अनुगमन समितिले उत्खनन संकलन लागत राजस्व कर वा शुल्क समेत लाई विचार गरी विक्रीकर्ता, उपभोक्ता समेतको राय सुझाव लिई उपभोक्ता वा बजार मुल्य निर्धारण गर्न सक्नेछ ।

(३) नदिजन्य पदार्थको विक्रीको बजार मुल्य निर्धारण भएकोमा सोही बमोजिमको मुल्यमा विक्री गर्नु पर्नेछ बढी मुल्य लिएको पाईएमा विक्री वितरण गर्न रोक लगाइनेछ ।

## परिच्छेद -५

**११. क्रसर उद्योग संचालन सम्बन्धी दुरी मापदण्डः**

(१). क्रसर उद्योग संचालन गर्दा संघीय मापदण्ड, २०७७ को दफा ११ तथा प्रदेश कार्यविधि, २०७५ को दफा ११ वमोजिमको मापडण्डहरु पुरा गर्नुपर्नेछ ।

(२). क्रसर उद्योग कानून बमोजिम अनुमति लिई दर्ता गरेर मात्रै संचालन गर्न पाईनेछ ।

(३).क्रसर उद्योग लगायत धुने र प्रशोधन गर्ने उद्योग स्थापना गर्दा साईड ड्रेन, हिलो थिग्रने पोखरी, फोहरो पानी प्रशोधनको व्यवस्था र सवै प्रकारका प्रदुषण नियन्त्रण सम्बन्धी सम्पूर्ण व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ ।

(४).जि.स.स., पालिका वा अनुगमन समितिले अनुगमन गर्दा त्यस्तो नपाईएमा उद्योग संचालनमा रोक लगाउन सक्नेछ ।

(५). उद्योगले प्रत्येक वर्षको असार मसान्तभित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद विक्रीको परिमाण अनुगमन समिति, जि.स.स. र सम्वन्धित पालिकालाई अनिवार्यरुपमा बुझाउनु पर्नेछ । साथै प्रचलित

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

जिल्ला समन्वय अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला तथा सामान्य प्रशासन कार्यालय
जिल्ला समन्वय समितिको कार्यालय
परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

कानुन वमोजिम स्थापना भइ संचालनमा रहेका उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरण खुलाई प्रत्येक वर्षको भाद्र महिना भित्र अनुगमन समिति, जिल्ला समन्वय समिति र स्थानीय तहलाई अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(६).उद्योगले उपदफा ४ वमोजिम खरिद विक्रीको परिमाण नवुझाएमा जि.स.स.को सिफारिसमा जिल्ला अनुगमन समितिले निर्णय गरेमा स्थानीय तहले उद्योग बन्द गराउन सक्नेछ ।

(७).माथि दफा ११ बमोजिमको कानूनी व्यवस्था भए अनुसार उल्लेखित दुरीको मापदण्ड पुरा नगरेका क्रसर उद्योगलाई संघीय र प्रदेश सरकारको मापदण्डमा उल्लेखित समय सिमा भित्र वातावरणीय अध्ययन गराई स्थानीय तहले स्थानान्तरण गर्न लगाउनु पर्नेछ । स्थानीय तहले दिएको उक्त निर्देशन पालना भए नभएको वा निर्देशन दिए नदिएको जि.स.स.ले अनुगमन गरी उक्त निर्देशन पालना गर्न तथा ढुङ्गा, गिटी, बालुवा, उत्खनन, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७७ को दफा दफा ९ (३) बमोजिम प्राप्त निर्देशन पालना नभएको अवस्थामा जि.स.स को सिफारिसमा अनुगमन समितिले आवश्यक कार्वाहीको लागी सम्बन्धित निकायमा लेखि पठाउने छ । स्थानान्तरण गर्न नमानेमा दर्ता खारेजीको लागि पालिकाले सम्बन्धित निकायमा व्यहोरा जनाई लेखी पठाउनु पर्नेछ ।

(८). नयाँ दर्ता हुने वालुवा प्रसोधन उद्योगको हकमा वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा सम्बन्धित पालिकाले उत्पादनमुलक उद्योगको रुपमा दर्ता गर्ने व्यवस्था मिलाउनेछ ।

(९).क्रसर उद्योगले आफुलाई चाहिने कच्चा पदार्थ सिधै नदी वा वन क्षेत्रवाट उत्खनन वा संकलन गरी प्रशोधन गर्न पाउने छैन । विक्री मुल्य वा शुल्क पालिकालाई बुझाएपछि मात्रै कच्चा पदार्थ आपूर्ति गर्न पाउनेछ ।

(१०). सम्वन्धित पालिकाको गाउँ वा नगर सभाले निर्णय गरी क्रसर उद्योगलाई निर्धारित दरमा उत्पादन परिमाणको आधारमा व्यवसाय कर लगाउन सक्नेछ ।

(११). प्रचलित कानुन वमोजिम स्थापना भइ संचालनमा रहेका खानी, क्रसर तथा प्रशोधन उद्योगले आफ्नो उद्योगको वार्षिक क्षमताको अधिनमा रही संकलन तथा उत्खनन् गर्ने कच्चा पदार्थको स्रोत सहितको विवरणलाइ प्रत्येक वर्षको भाद्र महिना भित्रमा अनुगमन समिति र सम्वन्धित नगरपालिका वा गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(१२).यस मापदण्ड वमोजिम स्थापना तथा संचालन हुने उद्योगले प्रत्येक आर्थिक वर्षको लागि असार मसान्त भित्र आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरिद विक्रिको परिणाम सार्वजनिक गरि सो को जानकारी सम्वन्धित गाउँपालिका वा नगरपालिका र अनुगमन समितिलाइ दिनु पर्नेछ ।

(१३).उपदफा (१०) र (११) वमोजिमको ब्यवस्था पालना नगर्ने उद्योगलाइ अनुगमन समितिको सिफारिसमा सम्वन्धित गाउँपालिका वा नगरपालिकाले बन्द गर्न सक्नेछ ।

**१२. ठुला रुपान्तरणकारी राष्ट्रिय गौरवको आयोजना सम्बन्धी व्यवस्था**

१. संघीय तथा प्रदेश सरकारले राष्ट्रिय गौरवका आयोजना भनि तोकेका आयोजनाहरुका लागी नदीजन्य पदार्थ ढुङ्गा, गिटी, वालुवा, माटो वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा नियमानुसार लाग्ने शुल्क लिई पालिकाले तोकेको स्थानबाट आयोजनाले लिन पाउने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

जिल्ला समन्वय अधिकारी

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

२.त्यसरी उपलब्ध गराउँदा आयोजना कार्यालयले आवश्यक परिणाम खुल्ने सिफारीस, वातावरणीय अध्ययन प्रतिवेदन, शुल्क वा दस्तुर, र आयोजनाको विस्तृत प्रतिवेदन तथा सम्झौताको आधारमा जि.स.स.को समन्वयमा नदीजन्य पदार्थ सम्बन्धित पालिकाले उपलब्ध गराउनेछ ।

३. जुन आयोजनाको लागि नदीजन्य पदार्थ लिईएको हो सोही आयोजनामा मात्रै प्रयोग गर्नु पर्नेछ । अन्यत्र प्रयोग गरेको पाईएमा अनुगमन समितिले आवश्यक कार्यवाहीको लागी सम्बन्धित निकायमा लेखी पठाउनेछ ।

४. नदीजन्य पदार्थको प्रयोग गर्दा यसै कार्यविधिमा उल्लेखित कानूनी व्यवस्थाको पूर्ण पालना गर्नु-पर्नेछ ।

५.पालिका वा जि.स.स. स्वयमले प्रयोग गर्ने भएमा सभावाट शुल्क वा विक्री मुल्य सम्बन्धमा आवश्यक निर्णय गर्नेछ ।

**१३. मुल्य अभिवृद्दि करमा दर्ता हुनुपर्नेः** यस कार्यविधि बमोजिम नदीजन्य पदार्थको ठेक्का कारोवार गर्ने व्यवसायी अनिवार्य रुपमा मुल्य अभिवृद्दि करमा दर्ता भएको हुनु पर्नेछ ।

**१४.संयुक्त समिति गठन गर्न सकिनेः**

(१) ढुंगा गिट्टी वालुवाको उत्खनन संकलन विक्रि तथा ब्यवस्थापको लागि दुई वा दुई भन्दा बढी स्थानीय तहहरुको क्षेत्रभित्र पर्ने नदी तथा खोलामा जिल्ला समन्वय समितिको संयोजनमा संयुक्त समिति गठन गरी सहमतिबाट संयुक्त विधि र मापदण्ड तयार गरी ढुंगा गिट्टी वालुवाको उत्खनन्, संकलन, विक्रि तथा बितरण गरिनेछ ।

(२) उपदफा १ बमोजिम संयुक्त समिति गठन, संयुक्त विधि र संयुक्त मापदण्डको तर्जुमा तथा निर्णय गर्दा जिल्ला समन्वय समितिसँग पूर्व परामर्श र समन्वय गर्नुपर्नेछ ।

(३) उपदफा १ र २ वमोजिम संयुक्त समिति गठन गरी ढुंगा, गिट्टी, वालुवाको उत्खनन् संकलन विक्रि र ब्यवस्थापन गरिएकोमा सो को जानकारी जिल्ला अनुगमन समिति र जिल्ला समन्वय समितिलाई दिनु पर्नेछ ।

**१५. खर्च गर्न सकिने**

१. जिल्ला समन्वय समिति मार्फत जिल्ला अनुगमन समितिलाई ढुंगा, गिट्टी, वालुवा, उत्खनन्,विक्रि तथा ब्यवस्थापन सम्वन्धी मापदण्ड, २०७७ को दफा ९ (१४) को ब्यवस्था वमोजिम स्थानीय तहहरुबाट प्राप्त भएको रकम जिल्ला समन्वय समितिले देहाय वमोजिमको क्षेत्र र विषयमा आवश्यकता अनुसार खर्च गर्न सक्नेछ ।

क) जिल्ला अनुगमन समितिको वैठक संचालन तथा ब्यवस्थापन खर्च,

ख) जिल्ला अनुगमन समितिको तर्फबाट अनुगमनमा खटिने पदाधिकारी सदस्य तथा कर्मचारीहरुको नियमानुसार दैनिक भ्रमण भत्ता तथा सुविधा,

ग) अनुगमन कार्यको लागि आवश्यक पर्ने स्टेशनरी सहितका आवशयक सामाग्री खर्च,

२. उपदफा (१) वमोजमको आम्दानी र गरिएको खर्चको विवरणको प्रगती सहित जिल्ला समन्वय समितिले चौमासिक वा वार्षिक रुपमा स्थानीय तहमा उपलब्ध गराउनुपर्ने छ ।

जिल्ला समन्वय अधिकारी

भगौती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)

नेपाल सरकार
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
जिल्ला समन्वय समितिको कार्यालय
परासी, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

## परिच्छेद -६

### १६. विविधः

१.यो कार्यविधी स्विकृत भै लागु भए पश्चात १ महिना भित्र नदीजन्य पदार्थ विक्री वितरण सम्बन्धमा गरीएको ठेक्का पट्टा सम्बन्धी सम्पूर्ण विवरण, क्रसर संचालकहरुले क्रसर संचालन गरेको ईजाजत पत्र सहितको कागजात र प्रशोधित वस्तु वा सामग्रीको चालु आ.व. भित्र विक्री वितरण गरेको परिणामको विवरण स्थानीय तहले जि.स.स. मा पठाउनु पर्नेछ ।

२. यस कार्यविधीमा उल्लेखित कुनै कार्य वा जिम्मेवारी जि.स.स. को बैठकबाट निर्णय गरी समिति उपसमिति वा कुनै कर्मचारी वा सदस्यलाई प्रत्यायोजन गर्न सकिनेछ ।

३.जि.स.स. को वैठकबाट विभिन्न समिति उप- समितिहरु निर्माण गरी यो कार्यविधीमा उल्लेखित कार्य गर्न सकिनेछ ।

४.यस कार्यविधिमा आवश्यक कुराहरु थप्नु परेमा जिल्लासभाबाट थपघट गर्न सकिनेछ ।

५.यस कार्यविधिमा उल्लेख भएका विषयहरुमा यसै कार्यविधी बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

६. नदीजन्य पदार्थको उत्खनन संकलन विक्री, वितरण, भण्डारण तथा क्रसर उद्योगलाई व्यवस्थित गर्ने सन्दर्भमा पालिका तथा स्थानीय प्रशासनले आवश्यक सहयोग गर्नुपर्नेछ ।

७.जि.स.स.ले यो कार्यविधिमा व्यवस्था भए अनुसार प्राविधिक कर्मचारी वा उप- समितिबाट निरिक्षण गरी प्रतिवेदन लिने र प्रतिवेदन अनुसार आवश्यक कार्य गर्न सक्नेछ ।

८. स्थानीय तहहरुले ढुङ्गा, गिटी, बालुवाको बिक्रीबाट प्राप्त रकमबाट केही प्रतिशत रकम विनियोजन गरी नदिजन्य पदार्थको दिगो विकास र व्यवस्थापन एवं वातावरण संरक्षण सम्बन्धमा उपयोग गर्न सक्नेछ ।

९.नदिजन्य पदार्थ उत्खनन, संकलन, भण्डारण तथा विक्री वितरण एंव ढुवानी सम्बन्धी कार्यमा काम गर्ने मजदुरको विमा, स्वास्थ्य सुरक्षा, तालिम सम्बन्धी व्यवस्था सम्बन्धित व्यवसायी स्वंयले गर्नु पर्नेछ ।

१०. नदीजन्य पदार्थ उत्खनन, संकलन, भण्डारण, विक्री वितरण एंव ढुवानीमा कार्य गर्ने मजदुर कुनै दुर्घटना भै स्वास्थ्य उपचार वा मृत्यु भइ क्षतिपूर्ति दिनुपर्ने अवस्थामा व्यवसायीले प्रचलित कानून बमोजिम तिर्नु बुझाउनु व्यवसायी आफै बाध्यकारी हुनेछ ।

११. नदीजन्य पदार्थको उत्खनन् संकलन ब्यवस्थापनको सम्वन्धमा कुनै अवरोध वा समस्या भइ निकास दिनुपर्ने अवस्थामा जिल्ला अनुगमन समिति र जिल्ला समन्वय समितिले उच्च प्राथमिकता दिइ सम्वन्धित निकायसँग समन्वय गरी आवस्यक ब्यवस्थापनमा पालिकालाइ सहजीकरण गर्नुपर्नेछ ।

१२. यस कार्यविधिको कुनै कुरा संघीय र प्रदेश कानुनसँग वाझिएमा संघीय कानुनी ब्यवस्था बमोजिम नै हुनेछ।

१३. संघीय सरकार र प्रदेश सरकारबाट ढुङ्गा गिट्टी वालुवा ब्यवस्थापन सम्वन्धमा जारी गरिने नीति, ऐन, कानुन र मापदण्ड वमोजिम यस कार्यविधिलाई आवश्यक संशोधन गरी कार्यान्वयनमा लगिनेछ ।

१४. नदीजन्य पदार्थ र उद्योगसँग सम्वन्धित यसै कार्यविधि वमोजिम भए गरेका कार्यहरुको बारेमा जिल्ला समन्वय अधिकारीले अनुगमन समितिलाइ जानकारी गराउनु पर्नेछ ।

१५. निजि जग्गाबाट उत्खनन् गरी ढुंगा, गिट्टी, वालुवा, माटो जस्ता साधारण निर्माणमुखी पदार्थ निकाल्न प्रचलित कानुन वमोजिम अनुमती प्रदान गरिनेछ ।

जिल्ला समन्वय अधिकारी

भगोती यादव
जि.स.स. प्रमुख
नवलपरासी (ब.सु.प.)